# ललितपुर महानगरपालिका

यल महानगरपालिका

Lalitpur Metropolitan City

Pulchowk, Lalitpur, Bagmati Province, Nepal


आ.व.२०८०/०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी प्रकाशित सूचना

## सूचना प्रकाशित मिति २०७९/११/०२

रोजगारीको हक सम्बन्धी ऐन, २०७४ को दफा ११ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८) को दफा १८ बमोजिम आ.व. ०८०/०८१ का लागि न्यून आय भएका वा स्वरोजगार समेत नरहेका १८-५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले २०७९ फागुन ०२ देखि चैत १ गते सम्म आफू स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा गएर निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी सम्बन्धित वडा कार्यालय वा महानगरपालिकामा रहेको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको website www.pmep.gov.np र ललितपुर महानगरपालिकाको website www.lmc.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ । साथै सूचीकरणको लागि निवेदन दिदा निवेदकले आफू लगायत परिवारको विवरण सहित निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन समेत सूचित गरिन्छ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:

१. निवेदकको नागरिकताको प्रतिलिपि -१ प्रति

२. स्थायी बसोबास खुल्ने कागजात बसाईसराई अथवा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि -१

३. पासपोर्ट साइजको फोटो- १ प्रति

४. फारामको १४ नं. अनुसारको पारिवारिक विवरण अनिवार्य भर्ने।

५. निवेदकले निवेदनमा उल्लेखित सवै विवरण रीत पूर्वक पूर्णरुपमा भरेरमात्र वडा कार्यालयमा निवेदन दर्ता गराउनु पर्नेछ ।

६. अपूर्ण विवरण र तोकिए बमोजिमका कागजातहरु समावेश नगरिएका निवेदनहरु स्वतः रद्द हुनेछ ।

गणेश अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गणेश अर्याल
प्रमुख प्रशासकिय अधिकृत
ललितपुर महानगरपालिका

# ललितपुर महानगरपालिका
## यल महानगरपालिका
## Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

मितिः २०७९/११/०२
ने. सं. ११४३/ सिल्लागा अष्टमी

श्री वडा कार्यालय (सबै),
ललितपुर महानगरपालिका ।

विषयः बेरोजगार व्यक्तिहरुको विवरण संकलन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प.सं. ७९/८० च.नं. PMEP / ५३५ मिति २०७९/१०/२३ को प्राप्त पत्रानुसार आ.व. २०८०/८१ मा न्यूनतम रोजगारीमा संलग्न हुनका लागि बेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधि मिति २०७२/११/०२ देखि २०७९/११/३० सम्म भएकोले सो सम्बन्धी निवेदन दिने बारेको सूचना १ प्रति र निवेदनको ढाँचा १ थान यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । उक्त सूचनाको अवधि समाप्त भएको मितिले ७ (सात) दिनभित्र तहाँ कार्यालयमा दर्ता भएका निवेदनहरु देहाय बमोजिमको ढाँचामा विवरण भरी सक्कलै फाराम रोजगार सेवा केन्द्रमा पठाइदिनु हुन अनुरोध छ ।

| क्र. स. | नाम थर | बुबाको नाम | आमाको नाम | जन्म मिति | नागरिकता नं. | जारी मिति | वडा नं. | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

बोधार्थः
श्री सूचना प्रविधि शाखाः website मा प्रकाशित गरिदिनु हुन सक्छ ।

.................................
गणेश अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गणेश अर्याल
प्रमुख प्रशासकिय अधिकृत
ललितपुर महानगरपालिका

अनुसूची १

(प्रधामन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## वेरोजगार दर्ताका लागि दिने निवेदन

(मिति २०७८/११/११ गते मा. मन्त्रीस्तरको निर्णयानुसार संसोधित)

श्री वडा कार्यालय,

मिति: ..........................

वडा नं ..... नगरपालिका / गाउँपालिका ..................................., .............................. जिल्ला

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार स्थानीय तहद्वारा संचालित न्यूनतम / प्रदेश सरकार / रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. नाम, थर: ....................................................................................................

२. लिङ्ग: (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. पारिवारिक विवरण:

(अ) वर्ग / समूह : (तपाई आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिवासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य ........ |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) अल्पसंख्यक समुदाय (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(इ) लोपोन्मुख जनजाती (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(ई) सीमान्तकृत वर्ग (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो? ) हो होइन

(उ) परिवारको संख्या:

१. महिला: ............... पुरुष: ............... अन्य: ............... जम्मा: .......................

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्या: .......................

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्य (कुनै एकमा √ लगाउनुहोस): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नाम: .................................... उमेर: ........... अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

२. नाम: .................................... उमेर: ........... अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

३. नाम: .................................... उमेर: ........... अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ? [ हो ] [ होइन ]

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस् )

गर्भवती: ..................... महिना वा सुत्केरी भएमा :..................... महिना

४. स्थायी ठेगाना: प्रदेश: .......................... जिल्ला: ................................ न.पा. / गा.पा.: ........................ वडा नं.: .........

५. सम्पर्क विवरण (उपलब्ध भए सम्म) मोबाइल नं. .......................................... इमेल: ........................................

६. आवेदकको मुख्य पेशा (कुनै एकमा मात्र √ लगाउनुहोस्):

| क.सं. | पेशा | | क.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमा मात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा मात्र) | | घ) | ज्याला मजदुरी | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य ........................................ | |

७. निवेदक चालु आ. व. मा रोजगारीमा संलग्न दिन संख्या : .......................................... दिन

८. निवेदकले चालु आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. ..............................

९. आवेदक कृषिमा वा ज्याला मजदुरी गर्ने परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस्) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न १० मा जाने। यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

क) कृषि उत्पादन वा ज्याला मजदुरीले कति महिना खान पुग्दछ ? ............................ महिना

१०. निवेदन भूमिहिन वा सुकुम्बासी हो ? (कुनै एकमा √ लगाउनुहोस्) [ हो ] [ होइन ]

११. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस्) [ हो ] [ होइन ]

१२. निवेदक शहिद परिवार वा बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस्) [ हो ] [ होइन ]

१३. परिवारमा काम गर्ने उमेर समूह (१८ देखी ५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक [ छ ] [ छैन ]

अवस्था भएको परिवारको सदस्य (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भने कारण खुलाउनुहोस् । कारणहरु ............................................................ ..................................................

............................................................ ............................................................ ............................................ ..................................... ...............

............................................................ ............................................................ ............................................ ..................................... ...............)

१४. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क. सं. | नाम | निवेदकसँगको नाता | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यमिक / उच्च माध्यमिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नंबर | जारी मिति | जारी जिल्ला | | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

(निवेदनको बुँदा (३) (ज) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१५. परिवारको वार्षिक आय: रु. ............................ (अक्षरेपी ............................................................)

१६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भएमा बुँदा २० मा जानुहोस् )

☐ छु ☐ छैन

१७. सीपको विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष |
|---|---|
| | |
| | |

१८. काममा खटिन चाहेको सम्भावित समय: ........................ महिना देखि ........................ महिना सम्म

१९. बैंक खाताको विवरण (उपलब्ध भएमा) बैंकको नाम: ....................................................

बैंकको ठेगाना: .................................... खाता नंबर: .................................... खाताको प्रकार: ..............

.20 निवेदक चालु आर्थिक वर्षको सूचिकृत बेरोजगार हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २१ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्।)

क) लाभग्राही परिचय पत्र नंबर ....................................................

२१. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो?
(कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २२ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

देश .................................................. पासपोर्ट नं .................................... .

विदेशमा गरेको कामसंग सम्बन्धित सीप ..............................................................................

..........................................................................................................................

..........................................................................................................................

२२. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: ........................................ मिति: ........................................ हस्ताक्षर ..............................

| दायाँ | बाँया |
|---|---|
| | |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ....................................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

नाम: ........................................................ हस्ताक्षर ............................................